मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012 544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क: ०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क २२६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ भदौं १५ गते सोमबार ❑ 31 Aug. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–

## भोटेकोशी बाढी: पोखरा ल्याइएका १५ शव आफन्तले बुझे

**पोखरापत्र संवाददाता**
पोखरा, १४ भदौं

रसुवाको भोटेकोशी नदीमा आएको विनाशकारी बाढीका कारण मृत्यु भई विभिन्न स्थानबाट फेला परेर पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा ल्याइएकामध्ये आइतबारसम्म १५ वटा शव पहिचान गरी आफन्तले बुझेका छन् ।

जिल्ला प्रशासन कार्यालय कास्कीका सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गत बरालका अनुसार शवको पहिचान, कानुनी प्रक्रिया तथा पोस्टमार्टम सम्पन्न भएपछि आफन्तलाई बुझाइएको हो । आफन्तले बुझेका शवमध्ये १४ पुरुष र एक महिला रहेका उहाँले जानकारी दिनुभयो ।

चितवनका ३६ वर्षीय सत्यसुन्दर प्रजापति, अर्घाखाँचीका ४५ वर्षीय नारायणबहादुर थापा, मकवानपुरका ३६ वर्षीय उद्धव खड्का, नवलपरासी पश्चिमका ३७ वर्षीय यादव भण्डारी, इलामका ३८ वर्षीय दीपक भनिने दिवानन्द सुवेदी र धादिङ घर भई काठमाडौं बस्दै आएका ४२ वर्षीय सञ्जोग घर्तीमगरको शव पहिचानपछि आफन्तलाई हस्तान्तरण गरिएको सहायक प्रजिअ बरालले जानकारी दिनुभयो ।

यसैगरी नुवाकोटकी ५६ वर्षीया शारदा ढकाल, गोरखाका ५५ वर्षीय यमबहादुर थापा, पाल्पा घर भई रसुवाको इलाका प्रहरी कार्यालय टिमुरेमा कार्यरत प्रहरी सहायक हवल्दार ३४ वर्षीय दीपेन्द्र विष्ट, नुवाकोटका पाँच वर्षीय प्रतिन्स तामाङ, रसुवाका प्रभास भनिने पुरुषोत्तम रैला, सप्तरीका २८ वर्षीय सन्तोष चौधरी, काभ्रेपलाञ्चोकका ४६ वर्षीय डिकबहादुर कायस्थ, गोरखाका ४० वर्षीय केदार पण्डित र काठमाडौंका ३४ वर्षीय राजु सुनारको शव आफन्तले बुझेका उहाँले जानकारी दिनुभयो ।

भोटेकोशी बाढीपछि धादिङ, गोरखा, तनहुँ र नवलपरासीका विभिन्न स्थानमा फेला परेका १०२ शवलाई पहिचान तथा कानुनी प्रक्रियाका लागि पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान ल्याइएको थियो । मृतकको पहिचान खुलेसँगै पोस्टमार्टम सम्पन्न गरी सम्वन्धित परिवारजनलाई शव जिम्मा लगाइएको प्रशासनले जनाएको छ । बाढीमा बगेका व्यक्तिका शव पोखरामा ल्याइएपछि सम्पर्कविहीन भएका व्यक्तिका आफन्तहरू यहाँ आएर प्रतिष्ठानमा शव पहिचानका लागि स्क्रिनमा तस्बिर हेर्ने व्यवस्था मिलाइएको छ । प्रतिष्ठानमा ल्याइका शवमध्येमा हालसम्म ५७ वटाको पोष्टमार्टम सकिएको अस्पताल प्रशासनले जनाएको छ ।

## भोटेकोशी बाढी: दुई हजार ७४२ को उद्धार, ७८८ जनाको शव फेला

**पोखरापत्र संवाददाता**
पोखरा, २ भदौं

भोटेकोशी नदीमा यही भदौ १० गते आएको बाढीमा परी सम्पर्कविहीन भएकामध्ये आइतबार साँझसम्म दुई हजार ७४२ जनाको उद्धार गरिएको छ । प्रहरीका अनुसार उद्धार गरिएकामध्ये रसुवाबाट ७१९, नुवाकोटबाट दुई हजार २० र धादिङबाट तीन जना छन् ।

नेपाल प्रहरीका प्रवक्ता अविनारायण काफ्लेका अनुसार बाढीमा परी घाइते भएका तथा विभिन्न स्थानबाट उद्धार गरिएका केहीलाई उपचारका लागि काठमाडौं ल्याइएको छ । काठमाडौंका विभिन्न अस्पतालमा उपचाररत तथा उपचारपछि डिस्चार्ज भएका गरी हालसम्म १६० जना रहेको उहाँले जानकारी दिनुभयो ।

बाढीपछि नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलका केही कर्मचारीसहित जलविद्युत् आयोजनामा काम गर्नेहरू सम्पर्कविहीन भएका छन् । सम्पर्कविहीन हुनेमा नेपाली सेनाका ४५, नेपाल प्रहरीका २५, सशस्त्र प्रहरीका १३, भन्सार कार्यालयका १५, अध्यागनम कार्यालयका चार, रसुवाबाट ६२२, नुवाकोटबाट ११५, जलविद्युत् आयोजनाबाट ९३३ जना सम्पर्कविहिन भएका छन् । यस्तै, मकवानपुरबाट ६५, विदेशी नागरिक ५९२, विदेशी पर्यटकसँगै घुम्न गएका नेपाली १२७, लाङटाङ राष्ट्रिय निकुञ्जका तीन, क्वारेन्टाइन कायालयका तीन गरी दुई हजार ५०२ जना बेपत्ता रहेको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले जनाएको छ ।

प्रहरीका अनुसार बाढी प्रभावित क्षेत्रमा सम्पर्कविहीन भएकाको खोजी तथा उद्धारकार्यलाई तीव्र पारिएको छ । नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बललगायत सुरक्षाकर्मी तथा उद्धार टोलीले सम्भावित जोखिमयुक्त क्षेत्रमा खोजी तथा उद्धार गरिरहेका छन् ।

बाढीबाट भएको मानवीय तथा भौतिक क्षतिको विवरण सङ्कलनसँगै सम्पर्कविहीनको खोजी र उद्धारलाई प्राथमिकतामा राखिएको प्रहरीले जनाएको छ ।

यसैबीच, विभिन्न जिल्लाबाट ७८८ जनाको शव फेलापरेको प्रहरीले जनाएको छ । प्रहरी प्रधान कार्यालयका अनुसार रसुवामा १३, धादिङमा ५०, तनहुँमा ३७, नुवाकोटमा ५२, गोरखामा ५८, चितवनमा २६४, नवलपरासीपूर्वमा १९४ र नवलपरासी पश्चिममा १२० जनाको शव फेलापरेको छ ।

## कृष्णभीर सडक भासियो, विज्ञ टोलीको अध्ययनपछि मात्र मर्मत गरिने

**रासस**
काठमाडौं, १४ भदौं

पृथ्वी राजमार्गको कृष्णभीरमा आइतबार बिहान भासिएको सडक अध्ययनका लागि सडक विभागले विज्ञ टोली पठाएको छ । सडक चिरिएर भासिएपछि कसरी मर्मत गर्ने बारेमा अध्ययन गर्न विभागले टोली पठाएको हो ।

नौबिसे मुग्लिन सडक आयोजनाको पश्चिम खण्ड मुग्लिन-मलेखुका रेजिडेन्ट इन्जिनिय प्रभुराज पाण्डेका अनुसार सडक सहजै मर्मत गर्न मिल्ने अवस्था छैन । विसं २०५६ मा पहिरो झरेको ठाउँमा सडक भासिएर चर्किएको हो । त्रिशूली नदीमा आएको बाढीले तलबाट कटान हुँदा सडक भासिएको उहाँले बताउनुभयो । त्रिशूली नदीमा शनिबारभन्दा तीन मिटर पानीको सतह बढेको छ । पानीको सतह घटेपछि जगबाटै पर्खाल लगाएर माथिसम्म सडक ल्याउने वा कसरी मर्मत गर्ने भन्ने बारेमा विज्ञ टोली आएपछि मात्र भन्न सकिने उहाँ बताउनुहुन्छ । सो ठाउँमा भित्तो काटेर सडक चौडा गर्न कठिन भएको उहाँको भनाइ छ । सो ठाउँमा २० मिटर लम्बाइको सडक आधाभन्दा बढी भासिएको छ । ६० मिटर अग्लो सडक भासिएको हो । सडकको कुनाबाटै चिरिएकाले मर्मत कठिन भएको हो । अहिले तत्कालै तल गएर हेर्न सक्ने अवस्था नभएकाले कति भाग तलबाट खोलिएको छ भन्न नसकिएको पाण्डे बताउनुहुन्छ ।

सडक विभागका महानिर्देशक डा विजय जैसीका अनुसार सडक भासिएको ठाउँको अध्ययन गर्न काठमाडौंबाट विज्ञ टोली कृष्णभिरतर्फ गइसकेको छ । टोलीले हेरेपछि साँझ सम्ममा कसरी मर्मत गर्ने भन्ने बारेमा एकिन भन्न सकिने उहाँको भनाइ छ । तत्कालका लागि वैकल्पिक सडक प्रयोग गर्नुको विकल्प नरहेको उहाँले जानकारी दिनुभयो । अन्य वैकल्पिक सडक सञ्चालनमा रहेकाले सोही सडक प्रयोग गर्न उहाँको आग्रह छ । विज्ञ टोलीको अध्ययनपछि एकतर्फि वा दुईतर्फि सडक कसरी खोल्न सकिन्छ त्यसबारेमा भन्न सकिने उहाँको भनाइ छ । यो सडक राजधानी प्रवेश र बाहिरिने मुख्य सडक हो । यो सडक हुँदै दैनिक १४ हजार हाराहारी सवारीसाधन आवतजावत गर्दछन् । यसअघि विसं २०५६ मा सो सडकमा पहिरो खसेर धैरै दुःख दिएको थियो । तत्कालीन अवस्थामा तलबाटै उकासेर सडक मर्मत गरिएको थियो । भित्तो पट्टी पहिरो रोकथामका काम गरेर रोकिएको थियो । गतवर्ष सोही ठाउँमा सडक केही भासिएपछि मर्मत भइरहेको थियो । मर्मतकै क्रममा पुनःफेर्दैसम्म सडक भासिएको र चिरिएको हो ।

## प्रधानमन्त्री राहत कोषमा कांग्रेसले एक करोड जम्मा गर्ने

**रासस**
काठमाडौं, १४ भदौं

नेपाली कांग्रेसले बाढीपीडितको सहयोगका लागि प्रधानमन्त्री राहत कोषमा रु एक करोड जम्मा गर्ने भएको छ ।

पार्टीको केन्द्रीय कार्यालयमा आइतबार बसेको बैठकबारे जानकारी दिँदै प्रवक्ता देवराज चालिसेले एक करोड रूपैयाँ प्रधानमन्त्री राहत कोषमा जम्मा गर्ने निर्णय भएको बताउनुभयो ।

"सरकारले राहत तथा उद्धारका कार्यलाई तीव्रता दिनु आवश्यक छ, सुरुङमा फसेका नागरिकको उद्धारका लागि चाँडोभन्दा चाँडो प्रयास गर्दै तीव्रता दिनुपर्ने आवश्यकता छ, खोज तथा उद्धार परिणाममा केन्द्रीत हुनुपर्छ, हाम्रो क्षमताले भ्याएन भने अन्तरराष्ट्रियस्तरका विज्ञहरूको पनि सहयोग लिनुपर्छ", उहाँले भन्नुभयो । प्रवक्ता चालिसेले पीडितलाई दिने राहतलाई प्रभावकारी बनाउन स्थानीय तहलाई जिम्मेवारी दिने कुरामा ध्यान दिनुपर्ने भन्दै पीडितसम्म तत्कालै राहत पुऱ्याउन आग्रह गर्नुभयो । उहाँले विभिन्न जिल्लाका नागरिक पनि पर्यटन र व्यावसायिक सिलसिलामा रसुवा र नुवाकोट पुगेको समयमा बाढीबाट पीडित हुन पुगेको बताउँदै तिनको पनि खोजविन र सुरक्षाका लागि ध्यान दिनुपर्नेमा जोड दिनुभयो ।

## टेकनाथको स्मृति दिवसमा शेरचन पुरस्कृत

**पोखरापत्र संवाददाता**
पोखरा, १४ भदौं




वाङ्मयिक र मानवअधिकारबारे पोखरामा हुने सबैजसो कार्यक्रममा पुग्ने टेकनाथ बरालको अभाव खड्किएको तीन वर्ष भयो ।


वाम बुद्धिजीवी एवं मानवअधिकारवादी नेता बरालको तेस्रो स्मृति दिवसमा आइतबार उनका समवयी, आफन्त, शुभेच्छुकहरूले उनको सम्झना गरे ।

टेकनाथ बराल अध्ययन केन्द्रले आयोजना गरेको कार्यक्रममा उनका सहयात्री अमिक शेरचनलाई टेकनाथ स्मृति पुरस्कार प्रदान गरियो । मार्क्सवादी चिन्तकसमेत रहेका नेकपा मसालका महासचिव मोहनविक्रम सिंह र केन्द्रका अध्यक्षसमेत रहेका बरालका छोरा विद्याविमलले शेरचनलाई नगद ५० हजार र सम्मानपत्रसहित सम्मान गरे । कार्यक्रममा चिन्तक सिंहले कम्युनिस्ट आन्दोलनमा अहिले गम्भीर संकट पैदा भएको जनाउँदै कुनै प्रहारले पनि नढल्ने योद्धाका रुपमा टेकनाथलाई चिनाए । 'अहिले संसारमा आएको साम्राज्यवादी, पुँजीवादी चिन्तनले धेरैलाई बगाउँदै आएको छ,' उनले भने, 'त्यसले पनि बगाउन नसक्ने एक योद्धा हुनुहुन्थ्यो बरालजी ।'

उनले कम्युनिस्ट आन्दोलनको भविष्य उज्ज्वल देखिरहेको सुनाउँदै बाँकी जीवन पनि मार्क्सवादी दर्शनकै अध्ययनमा लगाउने उल्लेख गरे । पुराना कम्युनिस्ट नेता सिंह ९२ वर्षका भए । उनले मार्क्सवादले मात्र अहिलेका समस्याको समाधान दिने दाबी गरे । 'मार्क्सवादले मात्रै अहिले देशलाई बचाउन सक्छ, तर त्यसका लागि ठूलो बलिदानी र लामो समय लाग्न सक्छ,' उनले भने । पूर्व उपप्रधानमन्त्री एवं पूर्वप्रदेश प्रमुख अमिक शेरचनले टेकनाथसँग लामो समय सहकार्य भएको सम्झना गरे । २०२१ सालमा बनारसमा पहिलोपटक भेट भएको सुनाउँदै शेरचनले महाकाली सन्धिपछि बरालमा अहिलेका कम्युनिस्टप्रतिको मोह भंग भएको सुनाए ।

'उहाँसँग आन्तरिक र भावनात्मक सम्बन्ध रह्यो मेरो । महाकाली सन्धीपछि उहाँको मन नराम्ररी कुँडियो,' शेरचनले भने, ' उहाँ राजनीतिभन्दा पनि त्यसपछि मानवअधिकारको क्षेत्रम पुग्नु भयो । पाका कम्युनिस्ट नेता शेरचनले अहिलेको सरकार र यसका नेतृत्वमा रहेकाहरुले देशलाई समाधान दिन नसक्ने दाबीसमेत गरे । 'अहिलेका केटाहरुले काम गर्ने देख्दिनँ, अब पनि नौलो जनवादी क्रान्तिबिना गन्तव्यम पुगिँदैन,' उनले भने ।

कार्यक्रममा टेकनाथ बरालको जीवन, उनीसँगका सम्झनाहरु समेटिएको 'टेकनाथ बराल स्मृति ग्रन्थ'समेत सार्वजनिक गरियो । टेकनाथ बराल अध्ययन केन्द्रले प्रकाशन गरेको यो पुस्तक ४२६ पृष्ठको छ । केन्द्रका अध्यक्ष विद्याविमल बरालको अध्यक्षतामा भएको कार्यक्रममा वाम बुद्धिजीवीहरू त्रिलोचन ढकाल, रामराज रेग्मी, रघुनाथ अधिकारी र शेषमणि आचार्य, टेकनाथकी छोरी प्रभा बराल, स्मृतिग्रन्थका सम्पादक डा कृष्णराज अधिकारी, भीम रानाभाट, नारायण मरासिनी लगायतले बोलेका थिए ।



# पोखरालाई अन्तर्राष्ट्रिय व्यावसायिक केन्द्र बनाउने उत्तममान बुद्धाचार्यको चुनावी प्रतिबद्धता

**पोखरापत्र संवाददाता**
पोखरा, १४ भदौं

पोखरा उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष तथा आसन्न ३६औँ महाधिवेशनमा अध्यक्षका प्रत्यासी उत्तममान बुद्धाचार्यले पोखरालाई पर्यटन, लगानी, व्यापार, प्रविधि तथा अन्तर्राष्ट्रिय व्यावसायिक गतिविधिको केन्द्रका रूपमा विकास गर्ने योजना सहित आफ्नो चुनावी प्रतिबद्धता सार्वजनिक गरेका गर्नु भएको छ।

पोखरामा आइतबार आयोजित प्रतिबद्धता पत्र सार्वजनिक तथा पत्रकार सम्मेलनमा बुद्धाचार्यले व्यवसायीका दैनिक समस्या समाधानदेखि स्थानीय उत्पादनको बजार विस्तार, डिजिटल प्रविधि तथा आर्टिफिसियल इन्टेलिजेन्स (एआई) को प्रयोग, पर्यटन तथा लगानी प्रवर्द्धन र अन्तर्राष्ट्रिय बजारसँगको सम्बन्ध विस्तारसम्मका विषयलाई प्राथमिकतामा राखेर १७ बुँदे प्रतिबद्धता सार्वजनिक गर्नु भएको हो।

पोखराको जेठो सामाजिक संस्था पोखरा उद्योग वाणिज्य संघलाई व्यवसायीको साझा आवाज, नीतिगत पैरवीको प्रभावकारी केन्द्र तथा आधुनिक र प्रविधिमैत्री व्यावसायिक संस्थाका रूपमा विकास गर्ने उहाँले दाबी गर्नुभयो। बुद्धाचार्यले आफ्नो लामो व्यावसायिक तथा संस्थागत अनुभवलाई संघको नेतृत्वमा उपयोग गर्दै सबै क्षेत्र र प्रकृतिका व्यवसायीलाई समेटेर अघि बढ्ने प्रतिबद्धता जनाउनु भयो । आफू २०४१ सालदेखि निरन्तर व्यवसायमा संलग्न रहेको र विभिन्न सामाजिक संस्थामा समेत काम गरेको अनुभवले व्यवसायीका समस्या बुझ्न सहज भएको उनको भनाइ थियो।



'अब मलाई संघमा पर्याप्त समय दिने अवस्था छ। व्यवसायमा समय दिँदा मैले व्यवसायीका समस्या आफैं भोगेको र बुझेको छु । ती समस्यालाई समाधानका लागि सम्बन्धित निकायसम्म लैजाने माध्यम संघ हो,' बुद्धाचार्यले भन्नुभयो । यसअघि प्यानलमा रहेर निर्वाचनमा प्रतिस्पर्धा गर्नु भएको बुद्धाचार्यले यसपटक भने स्वतन्त्र रूपमा अध्यक्ष पदमा उम्मेदवारी दिदै हाल चुनावी प्रचार अभियामना लाग्नु भएको हो। निर्वाचनमा समूह फरक भए पनि नेतृत्वमा पुगेपछि सबैलाई समेटेर एउटै टिमका रूपमा काम गर्ने स्पष्ट पार्दै 'जितेर आए पनि आफ्ना साथीहरूसँग काम गर्ने उल्लेख गर्नुभयो । बुद्धाचार्यको प्रतिबद्धतामा पोखराको अर्थतन्त्रलाई पर्यटनमा मात्र सीमित नराखी व्यापार, लगानी, प्रविधि र अन्तर्राष्ट्रिय व्यावसायिक गतिविधिसँग जोड्ने योजना समेटिएको समेत जनाउनु भयो । पोखरा तथा गण्डकी प्रदेशको पर्यटन र लगानी सम्भावनालाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा प्रवर्द्धन गर्दै विदेशी तथा स्वदेशी लगानीकर्ता, व्यावसायिक संस्था र साझेदारसँग सम्बन्ध विस्तार गर्ने उहाँले सुनाउनु भयो । पोखरालाई अन्तर्राष्ट्रिय व्यावसायिक केन्द्रका रूपमा विकास गर्न आवश्यक नीति, पूर्वाधार र साझेदारीका लागि संघले सरकार तथा निजी क्षेत्रसँग सहकार्य गर्ने उहाँको प्रतिबद्धता छ । त्यसैगरी, स्थानीय कृषि, घरेलु तथा अन्य उत्पादनलाई प्रशोधन, ब्रान्डिङ र बजारीकरणमार्फत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारसम्म पुऱ्याउन 'लोकल टु ग्लोबल' अभियान सञ्चालन गर्ने योजना अघि सारिएको छ। पोखरामा उत्पादित वस्तु तथा सेवाको प्रयोग र खरिद बढाउन 'बाइ पोखरा' अभियान सञ्चालन गर्ने पनि बुद्धाचार्यले घोषणा गरेका छन्। यसबाट स्थानीय उत्पादन, स्थानीय व्यवसाय र स्थानीय बजारबीचको सम्बन्ध बलियो बनाउँदै पोखराको आन्तरिक अर्थतन्त्र चलायमान बनाउने उनको लक्ष्य छ।

व्यवसायीले कर, कानुन, बैंकिङ, दर्ता, नवीकरण तथा प्रशासनिक काममा भोग्दै आएका समस्यालाई सहज बनाउन एकद्वार व्यवसायी सहायता केन्द्र तथा विशेषज्ञ सहायता टिम स्थापना गर्ने प्रतिबद्धता बुद्धाचार्यले गर्नु भएको छ। त्यस्तै, व्यवसायीको तथ्यांक व्यवस्थित गर्न व्यावसायिक डेटा बैंक तथा प्रवर्द्धन केन्द्र स्थापना गर्ने, बदलिँदो बजार र प्रविधिअनुसार व्यवसायी तथा कर्मचारीको क्षमता विकास गर्ने योजना पनि अघि सारिएको छ । डिजिटल कारोबार, डिजिटल मार्केटिङ, डेटा व्यवस्थापन, स्वचालन तथा एआईको प्रयोगमार्फत पोखराका व्यवसायलाई आधुनिक र प्रतिस्पर्धी बनाउने उहाँको योजना छ । युवा, महिला तथा स्टार्टअप उद्यमीलाई सीप, परामर्श, प्रविधि, वित्तीय पहुँच, नेटवर्किङ तथा बजारसँग जोड्ने कार्यक्रम सञ्चालन गर्ने प्रतिबद्धता पनि सार्वजनिक गरिएको छ । पोखराको पर्यटन सम्भावनालाई नयाँ व्यावसायिक अवसरसँग जोड्न पर्यटन तथा लगानी प्रवर्द्धनलाई प्राथमिकता दिने खेल पर्यटनमार्फत नयाँ लगानी र व्यवसायिक अवसर सिर्जना गर्ने, मेला, महोत्सव तथा प्रदर्शनीलाई केवल मनोरञ्जनको माध्यम नभई स्थानीय उत्पादनको बजारीकरण, व्यापार विस्तार, लगानी आकर्षण तथा व्यावसायिक नेटवर्किङको माध्यम बनाउने उहाँको योजना रहेको छ । 'ग्रेटर पोखरा'मार्फत साझा आर्थिक समृद्धिको अवधारणा बुद्धाचार्यले पोखराको सभ्यता, संस्कृति र पहिचानलाई वरपरका पालिकाका उत्पादन, जनजीविका, पर्यटन र विकाससँग जोड्दै 'ग्रेटर पोखरा'को अवधारणालाई आर्थिक विकासको आधार बनाउने जनाउनु भयो। बुद्धाचार्यले आफूले पोखरा उद्योग वाणिज्य संघको वरिष्ठ उपाध्यक्षका रूपमा बिताएका दुई वर्ष जिम्मेवारीपूर्वक पूरा गरेको दाबी गर्दै संस्थाको नेतृत्व व्यक्ति केन्द्रित नभई विधान र संस्थागत प्रणालीअनुसार हुनुपर्ने तर्क गर्नुभयो। कार्यक्रमका क्रममा बुद्धाचार्यले भोटेकोशी क्षेत्रमा आएको बाढीबाट प्रभावित परिवारको राहतका लागि ६१ हजार १६१ रुपैयाँ सहयोग गर्ने घोषणा समेत गर्नुभयो।

पोखरा उद्योग वाणिज्य संघको ३६औँ महाधिवेशन यही भदौ २० र २१ गते हुँदैछ। संघको अध्यक्षमा बुद्धाचार्य सहित बलराम आचार्य, शोभा गौतम र अर्जुन पोखरेल समेत अध्यक्षका प्रत्यासी उमेदवार हाल चुनावनी मैदानमा रहनु भएको हो।

# रसुवा बाढीमा बेपत्ता प्रहरी सहायक हवल्दार विष्टको शव पहिचान

**पोखरापत्र संवाददाता**
पोखरा, १४ भदौं

रसुवा बाढीमा परी बेपत्ता भएका नेपाल प्रहरीका प्रहरी सहायक हवल्दार दीपेन्द्र विष्टको शव पहिचान भएको छ।

पाल्पाको तानसेन नगरपालिका-१० घर भई इलाका प्रहरी कार्यालय टिमुरे, रसुवामा कार्यरत ३४ वर्षीय विष्ट बाढीपछि बेपत्ता हुनुभएको थियो । बाढीपछि उहाँको शव गोरखामा फेला परेको हो । शव व्यवस्थापनका लागि पोखरा महानगरपालिका-१० रामघाटस्थित पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा राखिएकामा शनिबार परिवारले पहिचान गरेर अन्त्येष्टिका लागि घर लगेको सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गत बरालले जानकारी दिनुभयो। उहाँका अनुसार मृतक विष्टका दाजु दीपकबहादुरले शवको सनाखत गर्नुभएको हो।

रसुवा बाढीपछि विभिन्न जिल्लामा भेटिएका १०२ शव पोखरा ल्याइएको छ। शनिबार साँझसम्म ५० शवको परीक्षण सकिएको र १२ वटाको पहिचान भएको सहायक प्रमुख जिल्ला अधिकारी बरालले बताउनुभयो । पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा शव पहिचानका लागि बाढीमा बेपत्ता भएकाहरुका परिवारजन आउने क्रम बढेको छ । प्रतिष्ठानमा शव पहिचानका लागि स्क्रिनमा तस्बिर हेर्ने व्यवस्था मिलाइएको छ।

प्रतिष्ठानमा शव व्यवस्थापनका लागि जिल्ला प्रहरी कार्यालयबाट खटिनुभएका प्रहरी निरीक्षक टेकप्रसाद सुवेदीले शव व्यवस्थापनको काम भइरहेको जानकारी दिनुभयो । "हुलियासहितको विवरण हेल्प डेस्कमा राखेर स्क्रिनमा पीडित परिवारले आएर हेर्न सक्ने प्रबन्ध गरेका छौं", उहाँले भन्नुभयो।

# पुस्तकालय दिवसमा दीपशिखाको निबन्ध प्रतियोगिता

**पोखरापत्र संवाददाता**
पोखरा, १४ भदौं

हरेक वर्ष भदौ १५मा मनाइने पुस्तकालय दिवसको अवसर पारेर पोखरा महानगरपालिका वडा नं २९ मा अवस्थित दीपशिखा सामुदायिक पुस्तकालयले आइतवार पुस्तकालयको महत्व शीर्षकमा मा.वि (९–१२) स्तरीय निबन्ध लेखन प्रतियोगिता सम्पन्न गरेको छ।



लेखनाथ क्षेत्रका १२ विभिन्न विद्यालयका २३ प्रतिस्पर्धीलाई पछि पार्दै पोखरा महानगरपालिका वडा नं ३० मा रहेको त्रिभुवन शान्ति नमूना माध्यमिक विद्यालयका टङ्कप्रसाद चर्माले प्रथम स्थान हाँसिल गरे । १घण्टा लेखन समय उपलब्ध गराइएको प्रतियोगितामा पोखरा २७ मा रहेको लिटल फ्लावर एजुकेशनल सेकेण्डरी स्कुलकी अर्माली पौडेलले द्धितीय स्थान तथा नेपाल आदर्श आवासीय मा वि पोखरा २९की एञ्जल यादवले तृतीय स्थान हाँसिल गरे । यसै गरी शिसुवाचोकमा रहेको न्यू लाइट माविकी अनुष्का ढुङ्गाना र रामज्योति मा वि पोखरा २६की तिर्थु बुढामगरले चतुर्थ स्थान हाँसिल गर्न सफल भएका थिए । प्रतियोगिताका विजयी विद्यार्थीहरुलाई पुरस्कार वितरण गर्दै गण्डकी प्रदेश सभा सदस्य पार्वती तामाङले पठन संस्कृतिको जगेर्नाका लागि दीपशिखा पुस्तकालयको योगदान महत्वपूर्ण भएको बताइन् । १९ औं पुस्तकालय दिवसका कार्यक्रमहरुले पुस्तक पढ्ने बानीको विकास गराउने छन् भन्ने विश्वास आफूले लिएको उनले वताइन् । कार्यक्रममा राष्ट्रिय समाचार समिति वाग्मती प्रदेश कार्यालय प्रमुख बासुदेव पौडेलले सामाजिक सचेतनासँगै जागरणको सेतु र सिकाइकेन्द्रका रुपमा दीपशिखा पुस्तकालयले भूमिका खेलेको बताए । बेदान्ताचार्य चतुर्भुज शर्मा पौडेल,पोखरा महानगरपालिकाकी कार्यपालिका सदस्य निर्मला पौडेल,सामुदायिक पुस्तकालय संघ गण्डकीका अध्यक्ष एवम् दीपशिखाका कोषाध्यक्ष माधव भण्डारी, सचिव पदमप्रसाद अधिकारी,सहसचिव मिनकुमारी डल्लाकोटी,कार्यालय प्रमुख धनु पहारी, सदस्यहरु कमला भण्डारी, चन्द्रबहादुर गुरुङ, विश्वराज पौडेल लगायतले धारणा राखेका थिए । कार्यक्रम संयोजक विष्णुहरि पौडेलले सञ्चालन गरेको कार्यक्रम पुस्तकालयका अध्यक्ष कृष्णहरि भण्डारीले धन्यवाद सहित समापन गरे । पोखरा विश्वविद्यालयका उपप्राध्यापक सञ्जीव पौडेल र पुस्तकालय कार्यसमिति सदस्य सावित्री भण्डारी निर्णयक रहेका थिए । उक्त अवसरमा बेदान्ताचार्य चतुर्भुज शर्मा पौडेलले आफ्नो चौरासी पूजाका अवसरमा प्रकासित विचार दीपक नामक अनुवाद कृति पुस्तकालयका लागि प्रदान गरेका थिए।

# रेवान पोखराद्वारा आयोजित नि:शुल्क स्वास्थ्य शिविरमा ७ सय ५० जना लाभान्वित

**पोखरापत्र संवाददाता**
पोखरा, १४ भदौं

रेवान पोखराले हरेक दुई वर्षको अन्तरालमा आयोजना गर्दै आएको निःशुल्क स्वास्थ्य शिविर यसपटक पोखरा-२३ ठूलाखेतस्थित श्री सिद्ध बराह उच्च माविको प्राङ्गणमा सम्पन्न भएको छ।

नेपाली सेना पश्चिम पृतना हेडक्वाटर पोखरा तथा सैनिक अस्पताल पोखराको प्राविधिक सहयोगमा आइतबार सम्पन्न उक्त स्वास्थ्य शिविरमा ७ सय ५० जनाले स्वास्थ्य लाभ गराएका छन्।




शिविरमा प्रसुती तथा स्त्री रोगि, फिजिसियन, अर्थोपेडिक, छाला रोग, नाक, कान, घाँटी, प्रयोगशाला, ई.सि.जी., भिडियो एक्स-रे लगायतका सेवाहरु प्रदान गरिएको थियो । शिविर सफल पार्न पोखरा महानगरपालिका वडा नम्बर २३ कार्यालय, सिद्ध बराह उमावि, क्लिनिक नेपाल, रेनाभा हस्पिटल लेकसाइड, युनाइटेड रेफेरेन्स ल्याब्रोटोरी (युआरएल) तथा भरतपुर महानगरपालिका २७, मेघौलीबाट सहयोग प्राप्त भएको कार्यक्रम संयोजक समेत रहनुभएका रेवान पोखरामा सचिव भिष्मराज पौडेलले जानकारी दिनुभयो।

सो अवसरमा सहयोगी संस्थाहरुलाई सम्मान-पत्रद्वारा सम्मान गरियो । आफ्नै वडामा आयोजित स्वास्थ्य शिविरमा वडावासीहरुको व्यापक सहभागिताका वडाले वरपरका सबै क्षेत्र समेटिने गरि समिति, उपसमिति गठन गरेर प्रचार प्रसारनै गरि कार्यक्रममा जनसहभागिता गराएको वडाध्यक्ष रामकाजी गुरुङ्गले बताउनुभयो।

रेवान पोखराका अध्यक्ष विश्वराज पौडेलले कार्यक्रम सफल पार्न सहयोग गर्ने सबैलाई धन्यवाद ज्ञापन गर्दै आगामी वर्षहरुमा पनि सबै पक्षबार सकारात्मक सहयोग प्राप्त भएमा कार्यक्रमलाई निरन्तरता प्रदान गरिने जनाउनुभयो। रेवान महासचिव बिरेन्द्र शेरचनले सञ्चालन गर्नुभएको कार्यक्रममा रेवानका पूर्वाध्यक्ष गणेशबहादुर भट्टराई, गोपीबहादुर भट्टराई लगायतले पोखरा-२३ तथा २४ वडाहरु पर्यटकिय, धार्मिक एवं पर्यावरणिय दृष्टिकोणले पनि महत्वपूर्ण भएको बताउँदै ति स्थानहरुमा पर्यटन विकासका लागि रेवानले हातेमालो गर्ने बताउनुभएको थियो।

# प्राकृतिक विपद्का प्रभावितलाई म्याजेस्टिक लेक फ्रन्ट होटलको एक लाख सहयोग

**पोखरापत्र संवाददाता**
पोखरा, १४ भदौं

पोखरा महानगरपालिका-६, खहरे लेकसाइडस्थित म्याजेस्टिक लेक फ्रन्ट होटल एण्ड सुइट्स प्रालिले प्राकृतिक विपद्बाट प्रभावित नागरिकको राहत, उद्धार तथा पुनःस्थापनाका लागि प्रधानमन्त्री राहत कोषमा एक लाख रुपैयाँ सहयोग गरेको छ।

होटलका सञ्चालक युवा व्यवसायी सुनिलबहादुर भट्टराईले सामाजिक उत्तरदायित्वअन्तर्गत उक्त रकम प्रधानमन्त्री राहत कोषमा जम्मा गरिएको जानकारी दिनुभयो। भदौ १० गते रसुवाको भोटेकोशी र त्रिशूली नदीमा आएको विनाशकारी बाढी तथा देशका विभिन्न जिल्लामा भएका प्राकृतिक विपद्का घटनाबाट ठूलो जनधनको क्षति भएकोप्रति दुःख व्यक्त गर्दै होटलले विपद् प्रभावित नागरिकलाई सहयोग पुऱ्याउने उद्देश्यले राहत कोषमा आफ्नो तर्फबाट सानो सहयोग गरिएको उहाँले जनाउनु भयो।

सञ्चालक भट्टराईका अनुसार विपद्का कारण प्रभावित नागरिकलाई तत्काल राहत उपलब्ध गराउनुका साथै उहाँहरूको दीर्घकालीन पुनःस्थापना र जीवनयापन सहज बनाउन समेत निरन्तर सहयोग आवश्यक रहेको बताउनु भयो।

# पोखरा महानगरले थाल्यो राहत सङ्कलन अभियान

**पोखरापत्र संवाददाता**
पोखरा, १४ भदौं

रसुवाको भोटेकोशी नदीमा गएको बाढीबाट प्रभावितहरूको राहत तथा पुनःस्थापनाका लागि पोखरा महानगरपालिकाले राहत सहयोग अभियान सञ्चालन गर्ने भएको छ।

बाढी प्रभावितहरूका लागि आवश्यक लत्ताकपडा, खाद्यान्न, बन्दोबस्तीका सामग्री, औषधिलगायत सामग्री सङ्कलनका लागि राहत अभियान सञ्चालन गर्न लागिएको हो । एकद्वार प्रणालीमार्फत राहत सङ्कलन तथा वितरण गरिने महानगरले जनाएको छ। नगरप्रमुख धनराज आचार्यका अनुसार पोखरा प्रदर्शनी केन्द्रमा राहत सामग्री सङ्कलन कक्ष सञ्चालन गरिनेछ । इच्छुक सङ्घसंस्था र व्यक्तिलाई उक्त केन्द्रमा ल्याई राहत सामग्री सहयोग गर्न महानगरले सार्वजनिक रूपमा आह्वानसमेत गरेको छ । सङ्कलित राहत सामग्री सम्बन्धित निकायसँगको समन्वयमा आवश्यकताअनुसार बाढी प्रभावित क्षेत्रमा एकद्वार प्रणालीमार्फत पारदर्शी रूपमा वितरण गरिने बताइएको छ। महानगरले यसअघि प्रधानमन्त्री दैवी प्रकोप उद्धार तथा राहत कोषमा रु ४५ लाख सहयोग गरेको थियो। अत्यावश्यक राहत सामग्रीसहित स्वास्थ्यकर्मी र नगर प्रहरीको सहायता टोली बाढी प्रभावित क्षेत्रमा पठाएको थियो।




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

जीवनमा न मनोविनोदको स्थान छ न आँसुको, जीवन त एउटा सेवासदन हो । - लियो टोल्सटोय

## सम्पादकीय

# सरकारले प्रचार गरे जस्तो अवस्था छैन

सरकारले प्रचार गरेजस्तो र सामाजिक सञ्जालमा आएको जस्तो जमिनमा छैन । सुरुङमा फसेका ६ सयको चार दिनसम्म पनि उद्धार भएको छैन । गृहमन्त्री सुदन गुरुङले माथिल्लो त्रिशुली थ्री-ए पुगेर फोटो खिचाउँदै सुरुङमा फसेकाको उद्दार गर्न आफैं फिल्डमा खटिएको प्रचार गरे । तर, जमिनमुनि कैयौं किलोमिटरभित्र सास छ कि, भनेर आस गरिएका करिब ६ सय मानिसहरूलाई बाहिर निकाल्ने गम्भीर अपरेसन अझै पनि सुरु हुनसकेको छैन ।

रसुवा बाढीका कारण त्रिशूली करिडोरका जलविद्युत आयोजनामा ८९८ जना सम्पर्कविहीन रहेको इप्पानले जनाएको छ। माथिल्लो त्रिशूली १, ३ ए, ३ बी, लाङटाङ र चिलिमेलगायत आयोजनाका सुरुङमा सयौं मानिस फसेका छन्,।प्रधानमन्त्री बालेन्द्र शाहले सामाजिक संजालमा दिएको जानकारी फिल्डमा छैन। चार दिनसम्म उद्धार सुरू भएको छैन। सरकारले शनिबार विदेशी उद्धार टोलीलाई अनुमति दिए पनि समन्वय अभावले चिनियाँ र भारतीय टोलीले फिल्डमा काम सुरू गर्न सकेका छैनन्। । विपद्को केन्द्रीय कमाण्ड गर्नुपर्ने गृहमन्त्री प्राविधिकहरूले गर्ने काममा अघि सरेर सुरुङमा गए । निकै तदारुकतासाथ आफूले काम गरिरहेको सन्देश प्रवाह गर्न उनी त्यहाँ पुगेका थिए । तर, यथार्थमा भने रसुवा बाढीका कारण सुरुङमा फसेका करिब ६ सय मानिसहरूको गम्भीर किसिमको उद्धार प्रयास अझै शुरु हुन सकेको छैन ।

त्रिशूली नदी प्रवाहका विभिन्न जलविद्युत आयोजनाका सुरुङमा फसेका कामदार तथा कर्मचारीहरूको चार दिन बितिसक्दा समेत उद्धार हुन सकेको छैन । ६० मेगावाटको माथिल्लो त्रिशूली ३ 'ए' २१६, मेगावाटको माथिल्लो त्रिशूली-१, २० मेगावाटको लाङटाङ, २२ मेगावाटको चिलिमेलगायत आयोजनाको सुरुङमा सयौंको संख्यामा मानिसहरू फसेका छन् । आवश्यक जनशक्ति, विज्ञता, उपकरण र सरकारी तत्परताको अभावमा सुरुङमा फसेका मानिसहरूको अहिलेसम्म पनि उद्धार हुन नसकेको सम्बन्धित आयोजनाहरूले जानकारी दिएका छन् । गृहमन्त्री गुरुङ पुगेको माथिल्लो त्रिशूली ३ 'ए' आयोजनामा सुरुङ भेट्टाउन सकिन्छ कि भनेर करिब २० फिट खन्नुबाहेक फसेका मानिसहरुको उद्धार नै हुने गरी कुनै पनि विद्युत आयोजनाको सुरुङमा उद्धार अभियान चलाइएको छैन ।

उद्धार गर्न त स्कील मेनपावर चाहिन्छ। सरकारले एक्सपर्ट ल्याउनु पर्‍यो । नदीमा बालुवा निकालेजसरी एउटा स्काभेटर काम गरेको छ । त्यसरी कहिले हुन्छ उद्धार' । दैनिक १५/२० वटा स्काभेटर खटाएर दक्ष मेनपावर खटाएर काम गर्नुपर्ने विज्ञहरूको सुझाव छ । अफिस टाइम जस्तो दिनको ८ घण्टा काम गरेको भन्दै पीडितको गुनासो छ । १५ वर्षअघि नाइट भिजिन चलाएर अपरशेन गर्ने आर्मी अहिले भने ६ नबज्दै भिजिबिलिट कम भन्दै काम रोक्छ' बेपत्ता पीडितका आफन्तको आक्रोश छ । केही व्यक्ति त आफैं हिँड्दै ज्यानै जोखिममा राखेर टनेल भएको ठाउँसम्म पुगेका रहेछन् । उनीहरू राज्यको तर्फबाट नभई आफैं त्यहाँ पुगेको बताउँछन् । 'पारितर्फबाट हिँड्दै चार जना टनेल भएको ठाउँमा पुगेका छन् । तर बाहिर आएजस्तो काम हुन सकेको छैन ।' आफन्त खोज्दै कि सास देउ कि लास देउ भन्दै आर्मी ब्यारेक पुगेका छन् । बेपत्ता आफन्तको पखाईमा बसेका अधिकांशको एउटै स्वर छ जतिसक्दो चाँडो उद्धार हुनुपर्‍यो ।

टनेलमा उद्धारमा समय लागेको विषय विद्युत प्राधिकरणका कर्मचारीहरू पनि स्वीकार्छन् । अन्य ठाउँभन्दा जटिल रहेको र स्रोत साधान समेत पुर्‍याउन समस्या रहेकाले उद्धारमा केही कठिनाई रहेको उनीहरूको बुझाई छ । सरकारले विदेशबाट विज्ञ झिकाई काम थालेर मात्र सामाजिक सञ्जालमार्फत प्रचार गर्न सुहाउँछ ।

# पन्थोक र जुग्जामा राष्ट्रिय प्रसारण लाइनको विद्युत् विस्तार

**पोखरापत्र संवाददाता**
म्याग्दी, १४ भदौं

मालिका गाउँपालिका-५ देवीस्थानका पन्थोक र जुग्जामा राष्ट्रिय प्रसारण लाइनको विद्युत् सुविधा विस्तार भएको छ ।

नेपाल विद्युत् प्राधिकरणको 'उज्यालो म्याग्दी' कार्यक्रममार्फत पन्थोक र जुग्जामा राष्ट्रिय प्रसारण लाइनको विद्युत् विस्तारका लागि एक सय केभिए क्षमताको ट्रान्सफर्मर जडान भएको छ ।

एक सय ३२ घर रहेको पन्थोकमा गौडाखोला लघुजलविद्युत् परियोजना तथा ७२ घर भएको जुग्जामा पेल्ट्रिक सेटबाट विद्युत् उत्पादन गरी उपभोक्तामा आपूर्ति भएको छ ।

# बाढीपीडितका लागि रेडक्रस तनहुँद्वारा एक लाख दुई हजार सहयोग

**पोखरापत्र संवाददाता**
दमौली, १४ भदौं

नेपाल रेडक्रस सोसाइटी तनहुँ जिल्ला शाखाले भोटेकोशी बाढीपीडितको सहयोगार्थ रु एक लाख दुई हजार ८३ प्रदान गरेको छ ।

शाखाले जिल्ला प्रशासन कार्यालयसँगको समन्वयमा शव व्यवस्थापनका लागि निःशुल्क एम्बुलेन्स सेवाका साथै शव व्यवस्थापनका निम्ति आवश्यक पर्ने सामग्री पनि हस्तान्तरण गरेको शाखाका सभापति कृष्णप्रसाद गौतमले' जानकारी दिनुभयो ।

तनहुँ रेडक्रसले आफू मातहतका पालिका शाखा, उपशाखा तथा जुनियर र युवा रेडक्रस सर्कललाई विपद्का बेला गर्नुपर्ने आफ्नो दायित्वबाट विमुख नहुन अनुरोध गरेको छ ।

# त्रिशूलीको बाढीले घ्याल्चोकको पुल बगायो

**पोखरापत्र संवाददाता**
गोरखा, १४ भदौं

त्रिशूलीमा आइतबार आएको बाढीले गोरखाको गण्डकी गाउँपालिका-८ घ्याल्चोक र पृथ्वीराजमार्गको चरौंदी जोड्ने झोलुङ्गे पुल बगाएको छ ।

बाढीले लगातार तीन घण्टा हानेपछि बिहान ११:३० बजेतिर पुल ढलाएर बगाएको स्थानीय विनोद नहर्कीले जानकारी दिनुभयो ।

पुल लगेपछि गण्डकी गाउँपालिका ७ र ८ का बासिन्दा त्रिशूली तरेर राजमार्गतर्फ जान समस्या भएको छ। "घ्याल्चोकका करिब ४०० घरधुरी किसानले तरकारी र दूध बोकेर चरौंदीको कृषि सहकारीमा लैजाने मुख्य बाटो हो", उहाँले भन्नुभयो, "अब यहाँका किसानले तरकारी र दूध बेच्न नपाउने भए ।"

यसअघि गत भदौ १० गते बुधबार आएको बाढीले यसभन्दा केही तल रहेको धवादीघाटको पुल लगेको थियो । सो पुल लगेपछि स्थानीयवासी घ्याल्चोकको पुल भएर वारपार गर्ने गरेका थिए । यो पुल लगेपछि स्थानीयवासीलाई समस्या भएको अर्का स्थानीय विजय रूपखेती बताउनुहुन्छ ।

घ्याल्चोक-चरौंदी जोड्ने १३० मिटर लामो पुल छ वर्षअघि मात्र निर्माण भएको स्थानीयको भनाइ छ । योसँगै त्रिशूलीको बाढीले गोरखामा तीन वटा झोलुङ्गे पुल बगाएको छ भने एउटा पुल पूर्णरूपमा क्षति भएको छ ।


**दुई नामथर भएको व्यक्ति एउटै भएको सुचना**

जिल्ला रुपन्देही सियारी गाउँपालिका वडा नं. ०७ निवासी भारतीय सेनाका भु.पु. सैनिक नं. ५३४६७७६ ए १४ जि.आर.को पेन्सनर रहेकोमा निजको छोरा प्रसिद्ध रानाभाट र छोरी कृति रानाभाटको नेपाली नागरिकता र सैनिक अभिलेखमा नामथर फरक परेकोले फरक फरक नामथर भएतापनि व्यक्ति एउटै भएको व्यहोरा सम्बन्धित निकायमा सिफारिस गरिदिनुहुन भनी उक्त वडा कार्यालयको च.नं. १३२५ र १३२६ मिति २०८३/०५/०४ को पत्रबाट लेखि आएकोले सोही व्यहोरा भारतीय पेन्सन प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | नागरिकतामा नामथर | सैनिक अभिलेखमा नामथर | नाता | फोटो |
|---|---|---|---|---|
| १ | प्रसिद्ध रानाभाट | प्रसिद्ध राना | छोरा |  |
| २ | कृति रानाभाट | प्रतिक्षा राना | छोरा |  |

**जिल्ला प्रशासन कार्यालय रुपन्देही**



नेपाल सरकार
गृह मन्त्रालय
**जिल्ला प्रशासन कार्यालय**
बागलुङ

**एउटै व्यक्ति भएको सूचना**



गण्डकी प्रदेश बागलुङ जिल्ला बागलुङ नगरपालिका वडा नं. ०१ निवासी भारतीय भु.पु.नं. 617331 P हनरी क्याप्टेन Krishna Bahadur Thapa को नेपाली ना.प्र.प. मा नाम थर कृष्ण बहादुर थापा खड्का भएको र भारतीय पेन्सन डकुमेन्टमा नाम थर Krishna Bahadur Thapa भई फरक परेको र पत्नीको नेपाली ना.प्र.प. मा नाम थर रजिमति थापा खड्का भएको र भारतीय पेन्सन डकुमेन्टमा पत्नीको नाम थर Raji Mathi Thapa भई फरक परेता पनि उल्लेखित दुई नाम थर भएका व्यक्तिहरु फरक नभई एउटै भएको भनी बागलुङ नगरपालिका १ नं. वडा कार्यालय, बागलुङको च.नं. ९६, मिति २०८३/०५/०५ गतेको पत्रबाट सिफारिस भई आएको व्यहोरा पेन्सन प्रयोजनार्थ मात्र जानकारीका लागि अनुरोध छ ।

**प्रमुख जिल्ला अधिकारी**


# सम्पर्कविहीन नागरिक खोज्न जनप्रतिनिधिको समूह भोटेकोशीमा

**पोखरापत्र संवाददाता**
बागलुङ, १४ भदौं

बागलुङको तमानखोला गाउँपालिकाले भोटेकोशीमा सम्पर्कविहीन भएका नागरिकका पारिवारलाई रु. ३० हजारका दरले नगर राहत उपलब्ध गराउने भएको छ ।

गाउँपालिका भित्रका नौ जना नागरिक सम्पर्कविहीन भएको जनाउँदै गाउँपालिकाले नागरिक खोज्न जनप्रतिनिधिको समूह भोटेकोशीतर्फ लागेको हो । रसुवाको भोटेकोशी नदीमा गएको बाढीमा परी सम्पर्कविहीन भएका तमानखोला गाउँपालिकाका नौ जना नागरिकका परिवारलाई गाउँपालिकाले प्रतिपरिवार रु. ३० हजारका दरले रु. दुई लाख ७० हजार तत्कालै राहत दिने भएको छ ।

आकशिमक बसेको गाउँ विपद् व्यवस्थापन समितिको बैठकले प्रकोप व्यवस्थापन कोषबाट नगद राहत उपलब्ध गराउने र सम्पर्कविहीनलाई खोज्न गाउँपालिकाका अध्यक्ष जोकलाल बुढाको नेतृत्वमा भोटेकोशीतर्फ लागेको हो ।

सम्पर्कविहीन नागरिकको खोज तथा उद्दारका लागि सम्बन्धित निकायसँग विशेष पहल गर्ने र पीडित परिवारसँग निरन्तर सम्पर्कमा रहने गाउँपालिकाका अध्यक्ष जोकलाल बुढाले जानकारी दिनुभयो । खोज तथा उद्दार कार्यको स्थलगत अनुगमन र समन्वयका लागि गाउँपालिका अध्यक्षको नेतृत्वमा चार सदस्यीय टोली शनिबारनै घटनास्थल भोटेकोशीतर्फ प्रस्थान गरेको छ । टोलीमा वडा नं. २ का अध्यक्ष नारायण सुनार, वडा नं. ३ का अध्यक्ष झकबहादुर बुढा र कार्यपालिका सदस्य हिक्मत जक्तपुरी रहेका छन् । विपद् व्यवस्थापनमा थप सहयोग पुर्याउन जनप्रतिनिधिले भदौ महिनाको मासिक सेवा सुविधाको २५ प्रतिशत तथा कर्मचारीले तहअनुसार एकदेखि तीन दिन बराबरको तलब विपद् व्यवस्थापन कोषमा जम्मा गर्ने निर्णयसमेत बैठकले गरेको छ ।

गाउँपालिकाबाट विभिन्न जलविद्युत् आयोजनामा काम गर्न गएका नौ जना बाढीपछि सम्पर्कविहीन भएको छन् । तमानखोला गाउँपालिका-१, बोङ्गादोभान हिजाका ३७ वर्षीय पदमबहादुर घर्तीमगर, सोही ठाउँका ३२ वर्षीय इन्द्रकुमार विक, रिक्लाङ्कका २२ वर्षीय विष्णु घर्तीमगर, वडा नं. २ बोंगाखानीका ३७ वर्षीय भीमबहादुर छन्त्याल र ५२ वर्षीय खड्ग छन्त्याल, वडा नं. ३ तमानका २२ वर्षीय सञ्जय शिर्पाली र ५० वर्षीय दलप्रसाद बुढा तथा वडा नं. ४ लाम्मेलाका ५८ वर्षीय लाता कामी र ४७ वर्षीय भीमबहादुर विक छन् ।

# विपदमा कलाकारको हातेमालो

**पोखरापत्र संवाददाता**
गण्डकी, १४ भदौं

केही दिनअघि प्रधानमन्त्री दैवीप्रकोपउद्धारकोषमाआर्थिक सहयोग गर्नुभएकी गायिका समीक्षा अधिकारीले शनिबार जिल्ला प्रशासन कार्यालय, कास्कीमार्फत बाढी प्रभावितका लागि खाद्यन्नलगायत अत्यावश्यक सामग्री प्रदान गर्नुभयो ।

गायक दुर्गेश थापा बाढीको घटनालगत्तै लत्ताकपडा, सिरक-डसनासहितका राहत सामग्री लिएर नुवाकोटका बाढी प्रभावित क्षेत्रमा पुग्नुभयो । गायक तथा अभिनेता प्रकाश सपूतले गत बिहीबार गलबन्दी प्रोडक्सन र गलबन्दी फाउण्डेशनका तर्फबाट रु एक लाख प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा सहयोग प्रदान गर्नुभयो । यी त प्रतिनिधिमूलक उदाहरण मात्र हुन् । भोटेकोशी-त्रिशूलीको विनाशकारी बाढीपछि स्वतःस्फूर्त रुपमा राहत सहयोग जुट्ने क्रम जारी छ । यसमा अभियानमा कलाकारहरुले पनि हातेमालो गरिरहेका छन् ।

गायक प्रकाश सपूतले सङ्कटको घडीमा नेपाल र नेपालीको सह-अस्तित्व, सहयोग र सद्भावको संस्कारलाई जीवन्त राख्नुपर्ने बताउनुभयो । विपद्को कठिन घडीमा प्रभावित नागरिक र देशको साथमा एक्यबद्धतापूर्व उभिनु कलाकारको पनि दायित्व भएको उहाँको भनाइ छ । गायक दुर्गेश थापाले बाढी प्रभावित क्षेत्रका नागरिकको पीडा असह्य खालको रहेको सुनाउनुभयो ।

बाढीमा अभिभावक गुमाएका बालबालिकाको अवस्था देख्दा आफूले मन थाम्न नसकेको उहाँले बताउनुभयो । बाढी प्रभावितका लागि सानो स्तरमा भए पनि राहत पुगोस् भनेर आफू अत्यावश्यक सहायता सामग्री लिएर बाढी प्रभावित क्षेत्रमा पुगेको गायक थापाको भनाइ छ । गायिका समीक्षा अधिकारीले बाढी प्रभावितको पीडामा साथ दिने प्रयास गरेको उल्लेख गर्नुभयो । सहयोग सानो वा ठूलो भन्दापनि दुःखका बेला कसैको साथमा उभिन सक्नु नै सबैभन्दा महत्त्वपूर्ण हुने उहाँको भनाइ छ ।

गायिका रचना रिमालले पनि आफ्नो तर्फबाट यथोचित सहयोग रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरेको सामाजिक सञ्जालमार्फत जानकारी दिनुभएको छ । देशवासीको दुःख र पीडामा सकेको साथ दिनुपर्छ भन्ने भावनासहित आफूले सक्दो सहयोग गरेको उहाँले उल्लेख गर्नुभएको छ । व्यक्तिगत रुपमा मात्र नभई कलाकार सम्बद्ध विभिन्न सङ्घसंस्था पनि विपद्मा सहारा बनिरहेका छन् । बागलुङ कलाकार समाजले पनि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रु ७५ हजार पाँच सय ५५ सहयोग गरेको समाजका अध्यक्ष एवं गायक वसन्त थापाले जानकारी दिनुभयो । तीजको सम्मुखमा देशलेव्यहोरिरहेकोमहाविपत्तिमा कतिपय कलाकारले देशविदेशमा हुने तीज विशेष साङ्गीतिक कार्यक्रम स्थगन गरेका छन् ।

सामूहिक दरखानेलगायत तीजका मनोरञ्जनात्मक कार्यक्रम स्थगन गरी तिनमा हुने आर्थिक खर्चलाई बाढी प्रभावितको सहयोगार्थ पठाउने क्रम बढ्दो छ ।

प्रबुद्ध युवा समूह, बागलुङले आगामी साता आयोजना गरेको 'गण्डकी प्रदेशस्तरीय दोस्रो अन्तरविद्यालय तीज नृत्य प्रतियोगिता' स्थगन गरी उक्त कार्यक्रमका लागि सङ्कलित रु एक लाख बाढी प्रभावित राहतमा खर्च गरेको छ ।

समूहको टोली बागलुङदेखि राहत सामग्री लिएर बाढी प्रभावित क्षेत्रमा पुगेको समूहका अध्यक्ष रोहित सुनारले जानकारी दिनुभयो ।

भोटेकोशी-त्रिशूलीको बाढीले पुर्याएको अकल्पनीय जनधनको क्षतिले यतिबेला सिङ्गो मुलुकक नै आक्रान्त छ । बाढी प्रभावितको राहत, उद्धार तथा पुनःस्थापनाका लागि देश, विदेशबाट स्वतःस्फुर्त रुपमा राहत सहयोग जुट्ने क्रम जारी छ । सङ्कलित राहतलाई एकद्वार प्रणालीबाट बाढी प्रभावित परिवारलाई वितरणका लागि राज्यका निकायमार्फत सहजीकरण भइरहेको छ । सरकारी निकायसँगै जनस्तरबाट बाढी प्रभावितको राहतका लागि अग्रसरता बढाइएको छ ।


नेपाल सरकार
गृह मन्त्रालय
**जिल्ला प्रशासन कार्यालय**
बागलुङ

**एउटै व्यक्ति भएको सूचना**





गण्डकी प्रदेश बागलुङ जिल्ला बागलुङ नगरपालिका वडा नं. १, रामरेखा निवासी भारतिय भू.पू. नं. १३७५२८६५ N नायक ३ जेक राईफलका रन सिंह थापाको श्रीमती रवन देवि थापा वोहोराको नेपाली नागरिकता प्रमाणपत्रमा नाम थर रवन देवि थापा वोहोरा र जन्म मिति वि.सं. २०२७/०२/२२ (ई.सं. १९७०/०६/०४) उल्लेख भएको र श्रीमानको भारतिय पेन्सन डकुमेन्टमा श्रीमतीको नाम थर रवन देवी र जन्म मिति वि.सं. २०२७/०१/२७ (ई.सं. १९७०/०५/१०) उल्लेख भई फरक परेतापनि उल्लखित दुई नाम थर रवन देवि थापा वोहोरा र रवन देवी तथा दुई जन्म मिति वि.सं. २०२७/०२/२२ (ई.सं. १९७०/०६/०४) र वि.सं. २०२७/०१/२७ (ई.सं. १९७०/०५/१०) भएको व्यक्ति फरक नभई एउटै व्यक्ति भएको भनी बागलुङ नगरपालिका, १ नं. वडा कार्यालय, रामरेखा, बागलुङको च.नं. ११०, मिति २०८३/०५/०९ गतेको पत्रबाट सिफारिस भई आएको व्यहोरा पेन्सन प्रयोजनार्थ मात्र जानकारीका लागि अनुरोध छ ।

**प्रमुख जिल्ला अधिकारी**



# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक तनाब | तुला | : आर्थिक समस्या |
| वृष | : सहयोग मिल्नेछ | वृश्चिक | : शत्रुको भय |
| मिथुन | : ब्यापारमा लाभ | धनु | : कार्यमा सफलता |
| कर्कट | : झमेला बढ्ने | मकर | : अप्रत्यसित लाभ |
| सिंह | : स्वास्थ्यमा सुधार | कुम्भ | : शारीरिक झमेला |
| कन्या | : शुभ यात्रा | मीन | : सत्कार मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# एसिसी प्रिमियर कप: उपाधिसँगै एसिया कपमा स्थान बनाउने नेपालको लक्ष्य

**लोकेश धामी**
काठमाडौं, १४ भदौं/रासस

तेस्रो संस्करणको एसिसी प्रिमियर कप आज आइतबारदेखि मलेसियामा सुरु हुँदैछ । प्रतियोगितामा सहभागी १० टोलीमध्ये नेपाल उपाधि जित्दै सन् २०२७ मा आयोजना हुने एसिया कपमा स्थान बनाउने लक्ष्यसहित मैदानमा उत्रँदैछ ।

नेपालसहित सहभागी १० टोलीलाई दुई समूहमा विभाजन गरिएको छ । नेपाल समूह 'ए' मा परेको छ । यस समूहमा नेपालसँगै बहराइन, हङकङ, मलेसिया र साउदी अरेबिया छन् । समूह 'बी' मा संयुक्त अरब इमिरेट्स (युएई), कुवेत, ओमान, कतार र सिङ्गापुर रहेका छन् ।

समूह चरणमा नेपालले भदौ १५ गते बहराइनसँग खेल्दै प्रतियोगिताको सुरुआत गर्नेछ । खेल मलेसियाको बाङ्गीस्थित वाईएसडी-यूकेएम क्रिकेट ओभलमा हुनेछ । ५० ओभरको प्रिमियर कपमा नेपालले पहिलोपटक बहराइनसँग प्रतिस्पर्धा गर्न लागेको हो । नेपालले दोस्रो खेल भदौ १८ गते आयोजक मलेसियासँग खेल्नेछ । मलेसियाविरुद्धका पछिल्ला पाँच एकदिवसीय खेलमा नेपाल अपराजित छ ।

हालै भएका दुई अभ्यास खेलमा पनि नेपालले मलेसियालाई पराजित गरेको थियो । प्रिमियर कपमा मलेसियाविरुद्ध नेपालको यो दोस्रो भेट हो । सन् २०२३ मा भएको पहिलो संस्करणमा नेपालले मलेसियालाई छ विकेटले हराएको थियो ।

नेपालले तेस्रो खेल भदौ २१ गते साउदी अरेबियासँग तथा समूह चरणको अन्तिम खेल भदौ २३ गते हङकङसँग खेल्नेछ । नेपाल र साउदी अरेबियाबीच हालसम्म दुई खेलमा प्रतिस्पर्धा भएकामा नेपालले एक खेल जितेको छ भने एक खेल रद्द भएको थियो । यस्तै, ५० ओभरको क्रिकेटमा नेपाल र हङकङबीच भएका चार खेलमध्ये नेपालले एक र हङकङले दुई खेल जितेका छन् भने एक खेल रद्द भएको थियो ।

एसियन क्रिकेट काउन्सिल (एसिसी) का अनुसार दुवै समूहका शीर्ष दुई टोली सेमिफाइनलमा प्रवेश गर्नेछन् । सेमिफाइनलका विजेताबीच उपाधिका लागि प्रतिस्पर्धा हुनेछ । यसपटक प्रिमियर कपको उपाधि विजेता टोलीले मात्र सन् २०२७ को एसिया कपमा स्थान बनाउनेछ । गत संस्करणको टी-२० ढाँचाको प्रिमियर कपबाट भने तीन टोली एसिया कपका लागि छनोट भएका थिए । सन् २०२४ मा आयोजित उक्त प्रतियोगिताबाट युएई, ओमान र हङकङ एसिया कपमा छनोट भएका थिए भने नेपाल चौथो स्थानमा सीमित भएको थियो ।

नेपालले पहिलो संस्करणको प्रिमियर कपको उपाधि जितेको थियो । सन् २०२३ मा घरेलु मैदानमा भएको प्रतियोगिताको फाइनलमा युएईलाई सात विकेटले पराजित गर्दै नेपाल च्याम्पियन बनेको थियो । यसपटक पनि नेपाली टोली उक्त सफलता दोहोऱ्याउने लक्ष्यमा छ । नेपाली राष्ट्रिय क्रिकेट टोलीका पूर्वसदस्य तथा क्यानको खेलाडी छनोट समितिका पूर्वसंयोजक दीपेन्द्र चौधरीले नेपाल उपाधिको बलियो दाबेदार रहेको बताउनुभएको छ । विदेशी पिचमा खेल्नुपर्ने भए पनि प्रतियोगिताअघि पर्याप्त अभ्यासको अवसर पाएकाले नेपाली टोलीलाई फाइदा पुग्ने उहाँको भनाइ छ । "प्रतियोगिताअघि नेपाली टोलीले राम्रो अभ्यास पाएको छ । भारतमा गरेको प्रशिक्षणले पक्कै पनि एसिसी प्रिमियर कपमा टोलीलाई सहयोग मिल्नेछ । मुख्य प्रशिक्षक स्टुअर्ट लले हरेक अभ्यास खेललाई निगरानी गर्नुभएको छ । त्यसले पनि टोलीलाई केही फाइदा मिल्ने देखिन्छ," चौधरीले राससससँग भन्नुभयो ।

टोलीमा रहेका नयाँ खेलाडी पनि राम्रो लयमा रहेको उहाँले बताउनुभयो । "देव खनाल, आसिफ शेख, अर्जुन कुमाललगायतले अभ्यास खेलमा राम्रो प्रदर्शन गरेका थिए । यसपटक पनि नेपालको बलियो पक्ष बलिङ नै हो," उहाँले भन्नुभयो । मलेसियासँगको दोस्रो अभ्यास खेलमा नेपालले एक सय ७१ रनको सामान्य लक्ष्य दिए पनि २७ रनको जित निकालेको उदाहरण दिँदै चौधरीले नेपाली टोलीको बलिङ पक्ष बलियो रहेको बताउनुभयो । उहाँका अनुसार प्रतियोगितामा नेपालको प्रमुख प्रतिस्पर्धी ओमान र युएई हुन् । "नेपालले घरबाहिर खेल्दैछ । केही चुनौती अवश्य छन् ।

तर, प्रतियोगिताअघि मलेसियाको पिचमा अभ्यास खेल खेलिसकेकाले खेलाडीहरू केही अभ्यस्त भइसकेका छन् । प्रतियोगितामा नेपालको प्रमुख प्रतिद्वन्द्वी ओमान र युएई हुन् । विगतमा पनि महत्वपूर्ण प्रतियोगितामा यी दुई टोलीले नेपाललाई केही समस्या दिएका छन्," पूर्वखेलाडी चौधरीले भन्नुभयो ।


म्याग्दीको खयरखोला र धौलागिरि हिमाल : म्याग्दीको अन्नपूर्ण गाउँपालिका-५ मा समुद्र सतहदेखि चार हजार २०० मिटर उचाइमा अवस्थित खयरखोला र पृष्ठभूमिमा देखिएको धौलागिरि हिमाल । म्याग्दी जिल्लाकै सबैभन्दा उच्च स्थानमा रहेको खयरभारानी ताल अवलोकनका लागि आउने पर्यटक तथा दर्शन गर्न आउने भक्तजनहरु बास खयरखोलामा बस्ने गर्दछन् । तस्बिर : सन्तोष गौतम/रासस

# नेलम्बो नेपालले बाढी प्रभावितको लागि साँढे पाँच लाख सहयोग गऱ्यो

**पोखरापत्र संवाददाता**
पोखरा, २ भदौं

सामाजिक संस्था नेलम्बो नेपालले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा ५ लाख ५५ हजार ५ सय ५५ सहयोग गरेको छ ।

देशका विभिन्न स्थानमा आएको बाढी, पहिरो तथा अन्य प्राकृतिक विपत्तिबाट प्रभावित नागरिकको उद्धार, राहत र पुनःस्थापनामा सहयोग पुगोस् भन्ने उद्देश्यले पोखरा-४ गैह्रापाटनमा रहेको नेलम्बो नेपालले आफ्नो सामाजिक उत्तरदायित्वअन्तर्गत विपद्को यस परिस्थितीमा उक्त सहयोग गरेको नेलम्बो नेपालका अध्यक्ष एकदेव देवकोटाले बताउनु भयो । कठिन घडीमा नेपाल सरकारको राहत तथा उद्धार अभियानमा हातेमालो गर्ने निर्णयअनुसार संस्थाले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषका लागि राष्ट्रिय वाणिज्य बैंक लिमिटेडमा रहेको खातामा उक्त रकम जम्मा गरेको उहाँले पाखरापत्रलाई जनाउनु भयो । हालै देशका विभिन्न स्थानमा भएको प्राकृतिक विपत्तिका कारण ठूलो जनधनको क्षति भएको र धेरै परिवार प्रभावित भएको भन्दै अध्यक्ष देवकोटाले विपद्को समयमा सबै पक्ष एकजुट भएर उद्धार, खोजी तथा राहत कार्यमा सहयोग गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले स्वदेश तथा विदेशमा रहेका व्यक्ति, संघसंस्था र सहयोगी निकायलाई विपद्मा परेका नागरिकको सहयोगका लागि आ-आफ्नो क्षेत्रबाट योगदान गर्न आग्रह गर्दै नेलम्बो नेपालले आगामी दिनमा पनि सामाजिक उत्तरदायित्वअन्तर्गत यस्ता सहयोगलाई निरन्तरता दिने बताउनुभयो । भोटेकोशीमा आएको बाढीमा परी धेरै व्यक्तिहरु वेपत्ता भएकोले उहाँहरुको जतिसक्दो छिटो उद्धार गर्नुपर्नेमा देवकोटाको जोड थियो ।

शिक्षा, स्वास्थ्य तथा वातावरणका क्षेत्रमा क्रियाशील नेलम्बो नेपालले यसअघि पनि विभिन्न विपद् तथा महामारीका समयमा सहयोग गर्दै आएको छ । कोभिड-१९ को विषम परिस्थितिमा गण्डकी प्रदेशका विभिन्न स्थानमा स्वास्थ्य सामग्री तथा अन्य आवश्यक सहयोग उपलब्ध गराउँदै संस्थाले विपद् व्यवस्थापनमा सहयोग गर्दै आएको कार्यक्रम संयोजक भिम भण्डारीले बताउनु भयो ।


## सधिंयारलाई ७ दिने सार्वजनिक सूचना

सूचना प्रकाशित मिति २०८३/०५/१५ गते

पोखरा महानगरपालिका वडा नं. १३, लामोडहर टोलमा श्री गिता उपाध्यायको नाउमा रहेको कित्ता नं १६० क्षेत्रफल १२४.८ ब.मी.को जग्गामा नयाँ घर निर्माणको लागि नक्सा दरखास्त पेश हुन आए बमोजिमको नयाँ घर बनाउँदा पूर्व तर्फ कि.नं १६२ जग्गा, पश्चिम तर्फ कि.नं १६१ घर, उत्तर तर्फः सडक र दक्षिण तर्फ कि.नं. १५८ जग्गाका छरछिमेकी कोही कसैलाई पिर, मर्का, बाधाअड्चन पर्छ, पर्दैन ? पिर, मर्का पर्ने भए सबूत प्रमाण सहित सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र यस वडा कार्यालयमा उजुरी दरखास्त दिनुहुन सम्बन्धित सरोकारवालाहरुको लागि यो सुचना प्रकाशित गरिएको छ अन्यथा प्रचलित ऐन कानुन बमोजिम गरिनेछ ।

**पोखरा महानगरपालिका वडा नं. १३ को कार्यालय**



नेपाल सरकार
गृह मन्त्रालय
**जिल्ला प्रशासन कार्यालय**
बागलुङ

## एउटै व्यक्ति भएको सूचना


गण्डकी प्रदेश बागलुङ जिल्ला बागलुङ नगरपालिका वडा नं. १, रामरेखा निवासी भारतिय भू.पू. नं. Ex JC ५९०१८९ K सुवेदार २ नागा रेजिमेन्टका चतुर बहादुर थापाको श्रीमती लक्ष्मी देवी बोहरा भन्ने लक्ष्मी देवीको नेपाली नागरिकता प्रमाणपत्रमा नाम थर लक्ष्मी देवी बोहरा भन्ने लक्ष्मी देवी र जन्म मिति वि.सं. २०१८/११/०८ (ई.सं. १९६२/०२/१९) उल्लेख भएको र श्रीमानको भारतिय पेन्सन डकुमेन्टमा श्रीमतीको नाम थर लक्ष्मी देवी र जन्म मिति वि.सं. २०१९/०८/०७ (ई.सं. १९६२/११/२२) उल्लेख भई फरक परेतापनि उल्लखित दुई नाम थर लक्ष्मी देवी बोहरा भन्ने लक्ष्मी देवी र लक्ष्मी देवी तथा दुई जन्म मिति वि.सं. २०१८/११/०८ (ई.सं. १९६२/०२/१९) र वि.सं. २०१९/०८/०७ (ई.सं. १९६२/११/२२) भएको व्यक्ति फरक नभई एउटै व्यक्ति भएको भनी बागलुङ नगरपालिका, १ नं. वडा कार्यालय, रामरेखा, बागलुङको च.नं. १०६, मिति २०८३/०५/०८ गतेको पत्रबाट सिफारिस भई आएको व्यहोरा पेन्सन प्रयोजनार्थ मात्र जानकारीका लागि अनुरोध छ ।

**प्रमुख जिल्ला अधिकारी**



## एउटै व्यक्ति भएको सूचना


कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं.-१५ निवासी भारतीय भु.पु.सै.नं. **5241137 TS NK** का गजविर गुरुङको मिति २०८३/०५/०८ को माग निवेदन र संलग्न कागजात अनुसार निजको श्रीमतीले जिल्ला प्रशासन कार्यालय लमजुङबाट प्राप्त गरेको नेपाली नागरिकता प्रमाणपत्रमा नामथर मिरु भन्ने मिन माया गुरुङ र जन्ममिति वि.सं. २०१८/०८/१६ (ई.सं. १९६१/१२/०१) उल्लेख भएको र निजको भारतीय पेन्सन अभिलेखमा निजको श्रीमतीको नामथर मिन माया **(Min Maya)** र जन्ममिति वि.सं. २०१४/०६/०९ (ई.सं. १९५७/०९/२५) उल्लेख भई फरक परेतापनि माथि उल्लेखित फरक जन्ममिति र नामथर भएको व्यक्ति फरक नभई एउटै व्यक्ति भएको बेहोरा अनुरोध छ भनि पोखरा महानगरपालिका १५ नं. वडा कार्यालयको च.नं. ५८१ मिति २०८३/०५/१० को सिफारिस पत्रबाट लेखी आएकोले सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**जिल्ला प्रशासन कार्यालय कास्की**


# बागलुङका तीन जनाको सकुशल उद्धार: १६ जना अझै सम्पर्कविहीन

**पोखरापत्र संवाददाता**
बागलुङ, १४ भदौं

बागलुङ स्थायी भई भोटेकोशी बाढीपछि सम्पर्कविहीन भएका तीन जनाको सकुशल उद्धार गरिएको छ ।

बागलुङबाट कामदारको रूपमा तथा भ्रमणका लागि रसुवा पुगेका तीन जनाको सकुसल उद्धार गरिएको र १६ जना अझै सम्पर्कविहीन रहेको सूचना प्राप्त भएको जिल्ला प्रहरी कार्यालय बागलुङका प्रहरी प्रमुख प्रहरी उपरीक्षक फडिन्द्र प्रसाईंले जानकारी दिनुभयो ।

जिल्लाका तीन जनालाई सकुशल उद्धार गरिएको शनिबार जानकारी आएको उहाँले बताउनुभयो । उद्धार गरी सुरक्षित स्थानमा राखिएकामा बागलुङका तीन जनाको वर्ष र नाम खुले पनि स्थानीय ठेगाना नखुलेको उहाँको भनाइ छ ।

भोटेकोशी क्षेत्रको टिमुरेबाट २९ वर्षीय टमकुमारी थापा र रसुवाबाट ४४ वर्षीय गिरीप्रसाद बुढामगर र ४१ वर्षका धनबहादुर विकलाई सकुसल उद्धार गरिएको प्रहरीले जनाएको छ । जिल्लाबाट अझै १६ जना सम्पकविहीन रहेका छन् । सम्पर्कविहीन हुनेमा जिल्लाको तमानखोला गाउँपालिकाका नौ जना, बागलुङ नगरपालिकाका चार ढोरपाटन नगरपालिकाका दुई, गलकोट नगरपालिकाका एक गरी १६ जना अझै सम्पर्कविहीन भएको प्रहरीको भनाइ छ । तमानखोला गाउँपालिका-१, बोङ्गादोभान हिजाका ३७ वर्षीय पदमबहादुर घर्तीमगर, सोही ठाउँका ३२ वर्षीय इन्द्रकुमार विक, रिक्लाङ्कका २२ वर्षीय विष्णु घर्तीमगर, वडा नं. २ बोंगाखानीका ३७ वर्षीय भीमबहादुर छन्त्याल र ५२ वर्षीय खड्ग छन्त्याल, वडा नं. ३ तमानका २२ वर्षीय सञ्जय शिर्पाली र ५० वर्षीय दलप्रसाद बुढा तथा वडा नं. ४ लाम्मेलाका ५८ वर्षीय लाता कामी र ४७ वर्षीय भीमबहादुर विक छन् ।

ढोरपाटन नगरपालिका-९, बोबाङका २० वर्षीय तुलबहादुर विक र ढोरपाटन नगरपालिका-४, सिमिकाका २३ वर्षीय वीजेन्द्र घर्ती र गलकोट नगरपालिका-२, नरेठाँटीका २७ वर्षीय रमेश सुनार बाढीमा बेपत्ता भएको प्रसाईंले जानकारी दिनुभयो ।

बागलुङ नगरपालिका-९, तित्याङको साल्बोटका ३३ वर्षीय इञ्जिनियर राजेश शर्मा पौडेल, उहाँकी ३१ वर्षीया श्रीमती इञ्जिनियर प्रमिला पाठक तथा उहाँहरूका पाँच वर्षीय जुम्ल्याहा छोराछोरी आदित्य र अदिति शर्मा पौडेल बाढीमा परी बेपत्ता भएका छन् ।

# उपल्लो मुस्ताङमा हिमतालको जोखिम अनुगमन, समस्या नरहेको जानकारहरुको भनाइ

**रासस**
मुस्ताङ, १४ भदौं

उपल्लो मुस्ताङका उच्च हिमाली क्षेत्रमा सम्भावित हिमताल तथा बाढीको जोखिमबारे स्थलगत र ड्रोनमार्फत अनुगमन सुरु गरिएको छ । हालसम्म अनुगमन गरिएका क्षेत्रमा तत्काल कुनै सम्भावित जोखिमको सङ्केत नदेखिएको अधिकारीहरूले बताएका छन् ।

भोटेकोशी बाढीपछि उपल्लो मुस्ताङमा पनि उच्च हिमाली क्षेत्रको विपद् जोखिम पहिचान तथा पूर्वतयारीलाई तीव्रता दिइएको हो । जिल्ला प्रशासन कार्यालय मुस्ताङको समन्वयमा सशस्त्र प्रहरी बल नेपालअन्तर्गत बीओपी नेचुङ, नेपाल प्रहरी, अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) लोमान्थाङ तथा संरक्षण क्षेत्र व्यवस्थापन समितिको संयुक्त टोलीले कालीगण्डकी नदी प्रणालीका मुहान तथा उच्च पर्वतीय क्षेत्रको अनुगमन गरिरहेको छ ।



एक्याप लोमान्थाङका प्रमुख उमेश पौडेलका अनुसार पहिलो चरणमा नेपाल-चीन सीमास्थित १८ र १९ नम्बर सीमास्तम्भ नजिक कालीगण्डकी नदी प्रणालीका दुई मुहानको स्थलगत तथा ड्रोनमार्फत निरीक्षण गरिएको थियो । ती क्षेत्रमा हिमपातको अवस्था तथा सम्भावित जोखिमको मूल्याङ्कन गरिएको र हाल जोखिम नदेखिएको उहाँले जानकारी दिनुभयो । अनुगमनको दोस्रो चरणमा लोमान्थाङ माथिको उच्च पर्वतीय क्षेत्रमा रहेको घ्याकरछु तालको निरीक्षण गरिएको छ । समुद्रसतहबाट करिब पाँच हजार पाँच सय ५० मिटरको उचाइमा रहेको उक्त क्षेत्रमा ड्रोनमार्फत गरिएको निरीक्षणका क्रममा हिमनदीका ढिस्काहरू देखिए पनि तत्काल कुनै जोखिमको सङ्केत नदेखिएको पौडेलले बताउनुभयो । अब लोमान्थाङको चुमजुङमाथि रहेको छुआमा पिकको शिर तथा लोघेकर दामोदरकुण्ड-१ चराङमाथिको पर्वतीय क्षेत्रको कालीगण्डकी नदी प्रणालीको अनुगमन गर्ने योजना रहेको उहाँले बताउनुभयो । ती क्षेत्रमा हिमताल रहेको जिपीएसबाट देखिएकाले स्थलगत निरीक्षण गर्न लागिएको उहाँको भनाइ छ । गत वर्ष लोमान्थाङको चुमजुङमाथि छुआमा पिकबाट कालीगण्डकी नदी प्रणालीमा लेदोसहितको बाढी आएपछि स्थानीय क्षेत्रमा जोखिम बढेको थियो । उच्च हिमाली क्षेत्रमा हिमताल फुट्ने, हिमपहिरो जाने वा बाढी आउन सक्ने सम्भावनालाई ध्यानमा राख्दै नदीका मुहान तथा संवेदनशील क्षेत्रको नियमित अनुगमनलाई निरन्तरता दिइने एक्यापले जनाएको छ ।

विपद्को सम्भावित जोखिम पहिचान, प्रारम्भिक चेतावनी तथा प्रभावकारी प्रतिकार्यका लागि उच्च हिमाली क्षेत्रमा नियमित अनुगमन र विपद् पूर्वतयारीलाई सुदृढ बनाइने भएको छ ।

# डब्लुएचओद्वारा एक लाख ५० हजार अमेरिकी डलर बराबरको सहयोग प्रदान

**रासस**
काठमाडौं, १४ भदौं

विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) ले नेपालमा आएको विनाशकारी बाढीबाट प्रभावित समुदायका लागि स्वास्थ्य सेवा उपचारका लागि एक लाख ५० हजार अमेरिकी डलर बराबरको सामग्री प्रदान गरेको छ ।

डब्लुएचओले दक्षिणपूर्वी एसिया क्षेत्रीय स्वास्थ्य आपतकालीन कोषमार्फत एक लाख ५० हजार अमेरिकी डलर बराबरको आपकालीन सहायता उपलब्ध गराएको हो । "डब्लुएचओ नेपालमा आपतकालीन अवस्थाको प्रतिकार्य तथा पुनःस्थापनाका प्रयासहरूमा निरन्तर सहयोग गर्न प्रतिबद्ध छ", विश्व स्वास्थ्य सङ्गठन दक्षिणपूर्वी एसिया क्षेत्रीय कार्यालयका कार्यवाहक प्रमुख डा निलेश बुद्धले भन्नुभयो । डब्लुएचओले भदौ १० गते बाढी आएको केही घण्टामै प्रभावित क्षेत्रका लागि अत्यावश्यक आपतकालीन स्वास्थ्य सामग्री पठाएको उहाँले जानकारी दिनुभयो । यसअन्तर्गत करिब १० हजार जनालाई तीन महिनासम्म आवश्यक स्वास्थ्य सेवा उपलब्ध गराउन सक्ने आपतकालीन स्वास्थ्य सामग्री तथा पाल उपलब्ध गराइएको विश्व स्वास्थ्य सङ्गठन दक्षिणपूर्वी एसिया क्षेत्रीय कार्यालयले जनाएको छ । यस्तै डब्लुएचओले सर्जिकल मास्क, पञ्जा, ह्यान्ड स्यानिटाइजरलगायत अन्य अत्यावश्यक स्वास्थ्य सामग्री प्रभावित क्षेत्रमा पठाएको छ । डब्लुएचओले बाढीपछि विभिन्न प्रकारका चोटपटक, झाडापखाला, श्वासप्रश्वाससम्बन्धी समस्या, पानी तथा खाद्यजन्य रोग, र वाहकजन्य रोगको जोखिमलगायत स्वास्थ्य समस्या बढ्न सक्ने भन्दै यसतर्फ समयमै सबै सचेत हुनुपर्नेमा जोड दिएको छ ।